आज मिति २०७९ साल असार १९ गते दिउसो २:०० वजे रासी गाउँ कार्यपालिकाका अध्यक्ष श्री प्रकाश विष्टज्यूको अध्यक्षता र तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बस्यो । बैठकको उपस्थिति प्रस्ताव एवं निर्णयहरु तपसिल बमोजिम रहेका छन् ।

उपस्थिति

| | | |
|---|---|---|
| | अध्यक्ष | प्रकाश बिष्ट |
| | उपाध्यक्ष | कमलापती चौधरी |
| | सदस्य | उमेश अधिकारी |
| | सदस्य | गिता चौधरी |
| | सदस्य | गेमे खड्का |
| | सदस्य | चन्द्र वहादुर गुरुङ |
| | सदस्य | चम्फा भुसाल |
| | सदस्य | दीपक कुमार चौधरी |
| | सदस्य | देव प्रसाद चौधरी |
| | सदस्य | पहलवान चौधरी |
| | सदस्य | पार्वती सुवेदी |
| | सदस्य | रण बहादुर फुजाली सार्की |
| | सदस्य | रिम बहादुर सुनारी मगर |
| | सदस्य | विर वहादुर चौधरी |
| | सदस्य | संजिज परियार |
| | सदस्य | सावित्री चौधरी |
| | सदस्य | सिताराम चौधरी |

सदस्य सचिव श्रीभाराम रिजाल

आमन्त्रित

1. विकास रवाल्नी अधिकृत
2. विश्वास वि.क. शिक्षा शाखा प्रमुख
3. कृष्ण प्र. भण्डारी - कोहरगैला व्यवस्थापन विद्
4. टिका वस्नेत - वातावरण विद्
5. सुवास भट्टराई - उ.अ. प्रशासन शाखा
6. नारायण आ.ती. एम.आई.एस.
7. गिता चौधरी (तहाप्ड चौथो)

राप्ती गाउँपालिकाका अध्यक्ष श्री प्रकाश विष्टज्यूको अध्यक्षतामा मिति २०७९।०३।१९ गते बसेको कार्यपालिका बैठकका निर्णयहरु :-

**निर्णय नं. १**

आ. व. ०७८।०७९ का योजना तथा कार्यक्रमको फरफारक २०७९ असार २५ गते भित्र गर्ने/गराउने नयाँ योजना तथा कार्यक्रम नगर्ने/नगराउने ।

**निर्णय नं. २**

नेपाल सरकार खानेपानी मन्त्रालय शहरी खानेपानी तथा सरसफाई आयोजनाबाट कार्यान्वयन हुने गरी राप्ती गाउँपालिका वडा न. ८ को वनक्षेत्र नपर्ने कित्ता नं ११९, अन्दाजी ५ कट्टा क्षेत्रफल भएको स्थानमा बहुउपयोगी भवन निर्माण गर्न सम्झौता गर्ने तथा गाउँपालिका भित्र दुई वटा घुम्ति शौचालय उपलब्ध गराउन अनुरोध गर्ने ।

**निर्णय नं. ३**

राप्ती गाउँपालिकाको फोहरमैला व्यवस्थापन निर्देशिका २०७९ स्विकृत गर्ने ।

**निर्णय नं. ४**

एरावती आदर्श बहुमुखी क्याम्पसको भवन निर्माणका लागि आफनै जग्गा लालमटिया कित्ता न. ल ७ क १९५९ को ८४६.५७ वर्ग मी क्षेत्रफलमा प्रचलित कानुन अनुसारको मापदण्ड पुरा गराई भवन निर्माण इजाजत पत्र दिने ।

**निर्णय नं. ५**

टोल विकास संस्थाहरुको कार्यविधि हेरी विधान अनुसार पुनर्गठन गरी वडा कार्यालयमा दर्ता पश्चात सोको विवरण गाउँपालिकामा बुझाउने ।

**निर्णय नं. ६**

गाउँपालिका परिसर भित्र चमेना गृह (canteen) संचालकले गा. पामा भाडा बुझाए नबुझाएको एकिन गरी क्यान्टिन सन्चालन तथा व्यवस्थापनको लागि नयाँ टेन्डर गर्ने ।

**निर्णय नं. ७**

वडास्तरमा संघ वा प्रदेशबाट परेका योजनाहरुको कार्यान्वयन गर्ने क्रममा अनिवार्य रुपमा वडाको सहमति लिनुपर्ने र कार्यसम्पन्न भएपछि वडाबाट कार्यसम्पादनको सिफारिस दिने ।

**निर्णय नं. ८**

गाउँपालिकामा रहेका ट्र्याक्टर, स्काभेटर, रोलर तथा भालुवाङ स्वास्थ्य चौकी तथा सिसहनीया स्वास्थ्य चौकीका एम्बुलेन्सहरु लागत इस्टिमेट तयार गरी बजेटको सुनिश्चितता गरी यथासिघ्र मर्मत गरी सुचारु गर्ने

**निर्णय नं. ९**

वडास्तरमा रहेका (४८ घण्टे) तालिम लिएका मेलमिलापकर्ताहरुलाई वडा कार्यालयमा सुचिकृत गराउन वडाबाटै सुचना जारी गर्ने ।

**निर्णय नं. १०**

कार्यपालिकाको नियमित वैठक हरेक महिनाको ५ गते दिउसो १ वजे वस्ने,

**निर्णय नं. ११**

वडा नं ६, ८ र ४ बाट मर्मत संभारका लागि माग भई आएका तपशिलका योजनाहरुलाई लागत अनुमान र बजेटको उपलब्धताको आधारमा तत्कालै मर्मत गर्ने

क. वडा नं ४ अन्तर्गत सिमलखुट्टी मझनीगढ देखि देविकोट जानेबाटो ध्वजा टाँड्ने सम्म सडक स्तरोन्नती

ख. वडा नं ८ मा रहेको धुमरी टोल पनवटवा देखि पश्चिम भूतवा हुँदै साँसद रोड जोडने सडकमा स्तरोन्नती

ग. वडा नं ६ मा रहेको भगवानपुर गाउँको बाटो स्तरोन्नती

**निर्णय नं. १२**

रासी गा.पाको विपद जाखिम न्यूनिकरण रणनीति २०७८ स्विकृत गर्ने

**निर्णय नं. १३**

गाउँपालिका क्षेत्रभित्र सरकारी कार्यालयले कार्यक्रम गर्दा रवरजन्य, खादा, प्लाष्टिकका फूल तथा कोल्ड ड्रिङस, जंक फुड प्रयोग नगर्ने यसको सट्टा स्थानीय उत्पादन प्रवर्धन गर्न प्राकृतिक तथा दुग्धजन्य पदार्थ प्रयोग गर्ने।

निर्णय नं. १४

प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि वडा बाट छनौट भई आएका श्रममुलक योजना/कार्यक्रमहरु रोजगार आयोजना वैङकमा राखि स्वीकृतीका लागि गाउँसभामा पेश गर्ने ।

निर्णय नं. १५

यस रासी गाउँपालिकाको दुवै स्वास्थ्य चौकीमा कार्यरत स्वास्थ्य सेवाका स्थायी कर्मचारीहरुको लागी संघीय सरकार शशर्त अनुदानमा तलव भत्ता शिर्षकमा रु ८५०००००।- मात्र प्राप्त भएकोमा सो रकमबाट २०७८ चैत्र मसान्त सम्म तलब भुक्तानी भई २०७९ वैशाक, जेष्ठ र असारको तलब नपुग भई विभागमा माग गरि पठाएकोमा उक्त रकम निकासा भएमा सोही शिर्षकबाट र निकासा नभएमा स्वास्थ्य चालु तर्फको करार कर्मचारी तलव शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १६

यस गाउँपालिका वडा नं ४ मा निर्माणको अन्तिम चरणमा रहेको दोलाई खोला मजनीगढ Pre-Stress Bridge ठेक्का नं (08/RRM/BDE/DOLAI/2075/076) को अन्तिम पटकको लागि २०७९ [illegible] २९ सम्म म्याद थप गरी अन्तिम विलको भुक्तानी दिने निर्णय गरियो ।